आज मिति २०८०/०१/०५ गते मंगलबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति:

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रवक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | टेकमाया | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परीमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थिति:

१. बासु पण्डित, प्रशासन शाखा प्रमुख

२. उद्गम तिमिल्सिना, लेखा अधिकृत

३. आशिष भण्डारी, सूचना प्रविधि अधिकृत

# कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या:१७

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०८०।०१।०५

बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।

बैठक समय: ८:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०१।०५ | ८:०० | निशुल्क विद्युत मिटर जडान सम्बन्धमा । | योजना शाखा | १ |
| २०८०।०१।०५ | ८:०५ | स्वीकृत IEE प्रतिवेदनहरुको वैधानिक अवधी संसोधन गर्ने सम्बन्धमा । | योजना शाखा | २ |
| २०८०।०१।०५ | ८:१० | विपद् बाट प्रभावितलाइ राहत उपलब्ध गराउने सम्बन्धमा । | विपद् ब्यवस्थापन शाखा | ३ |
| २०८०।०१।०५ | ८:१५ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको लागि पुन:एकीकरण कार्यक्रम कार्ययोजना सम्बन्धमा । | रोजगार सेवा केन्द्र | ४ |
| २०८०।०१।०५ | ८:२० | कृषि एम्बुलेन्स संचालन साझेदारी कार्यक्रमको आवेदक छनौट सम्बन्धमा । | कृषि विकास शाखा | ५ |
| २०८०।०१।०५ | ८:२५ | लागत ESTIMATE REVISE गरि भुक्तानी दिने सम्बन्धमा । | भौतिक पूर्वाधार शाखा | ६ |
| २०८०।०१।०५ | ८:३० | बालिका विकास सम्बन्धि कार्यविधि २०७५ संसोधन सम्बन्धमा । | स्वास्थ्य शाखा | ७ |

गाउँपालिका अध्यक्ष

## पूर्व बैठकको समीक्षा

मिति २०७९।१२।०५ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**कार्यपालिका बैठकको निर्णयहरुः**

१. यस इच्छाकामना गाउँपालिका वडा नं. ४,६र ७ का विपन्न परिवारहरुलाई वितरण गरिएका निःशुल्क विद्युत मिटरको लागि श्री मर्स्याङ्दी बहुउद्देश्यि सहकारी संस्था र नेपाल विद्युत प्राधिकरणबाट माग भए बमोजिमको रकम भुक्तानी दिने।

२. यस इच्छाकामना गाउँपालिका अन्तर्गत पर्ने खगेरी खोला, स्याङ्दी गर्दास भोटे खोला, रानी खोला, त्रिशुली बगरका बारवाड खोला, कुरिनघाट जिवन बगर, धारापानी, रिग्दी खोला एवं सोता बगरहरुको प्रारम्भिक वातावरणीय परीक्षण (I.E.E) प्रतिवेदन अवधि यस गाउँ कार्यपालिकाको मिति २०७८/०१/२० मा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणको अवधी प्रारम्भिक वातावरणीय परिक्षण गर्ने कार्यविधि २०७७ को दफा ९ बमोजिम संसोधन गर्ने।

३. राहत तथा सहायताको लागि यस कार्यालयमा निबेदन पेश गरेका विपद बाट प्रभावित व्यक्ति तथा परिवारलाई राहत तथा पुनर्स्थापनको लागि तपशिल वमोजिम राहत सामाग्री तथा सहायता उपलब्ध गराउने ।

तपशिल

| क्र.स | नाम थर | ठेगाना | विपद | निर्णय |
|---|---|---|---|---|
| १ | श्री सन्तमाया चेपाङ्ग | इच्छाकामना-६ | घरको आगलागी | रु २३,००० बराबरको राहत सामग्री |
| २ | श्री होम बहादुर गुरुङ | इच्छाकामना-५ | घरको आगलागी | रु २३,००० बराबरको राहत सामग्री |
| ३ | श्री रामजी चेपाङ्ग | इच्छाकामना-५ | घरको आगलागी | रु २३,००० बराबरको राहत सामग्री |
| ४ | श्री क्षेत्र बहादुर गुरुङ | इच्छाकामना-४ | घरको कोठाको आगलागी | रु १०,००० नगद |

४. बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको लागि पुनःएकीकरण कार्यक्रम कार्यन्वयन समितिको बैठकबाट तयार पारिएको निम्न कार्ययोजना स्विकृत गर्ने।

| क्र.स. | क्रियाकलाप | एकाइ | लक्ष्य | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यान्वयन समितिको बैठक बढीमा ३ | पटक | ३ | ४०,०००।- | |

गाउँपालिका अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | पटक उपाध्यक्ष को संयोजकत्वमा (८ देखि १० जना प्रति बैठक १५०० भत्ता र २५० को चिया खाजा ) | | | | |
| २ | उद्यमशिलतालाई सहयोग पुर्याउन १० जनालाई सिप मुलक तालिम (प्रति व्यक्ति खर्च १,००,०००) | जना | १० | ८,५०,०००।- | |
| ३ | सिपपरिक्षण तथा प्रमाणीकरण (प्रति व्यक्ति १०,०००/- सेवा प्रदायक संस्थालाई भुक्तानी गर्ने) | जना | १० | ८५,०००।- | |
| ४ | परम्परागतरुपमा सञ्चालित पेशाको आधुनिकीकरणका लागि व्यक्ति, समुह वा फर्मलाई अनुदान | | | ७,००,०००।- | |
| ५ | रोजगारदाता संघसंस्थासंग समन्वय बैठक | | | ३५,०००।- | |
| ६ | उद्यमशिल प्रवर्धन गर्न आवश्यक मेशिनरी खरिदमा ५० प्रतिशत सम्म लागत सहभागिता सहित प्राविधिक तथा व्यबस्थापकीय सहयोग | जना | ३ | १,५०,०००।- | |
| ७ | अनुगमन तथामुल्यांकन | पटक | ४ | ५०,०००।- | |
| ८ | प्रशासनिक खर्च(स्टेशनरी, इन्धन, मर्मत आदि) | | | १,१११।- | |
| | **जम्मा** | | | रु.१९,११,१११।- | |

५. यस गाउँपालिका कृषि शाखावाट प्रथम पटक (२०७८/१२/१३ गते) सूचना प्रकाशित भए अनुसार वडा नं.२ को श्री हपनी कृषक समूहले कृषि एम्बुलेन्स संचालनको लागि साझेदारी गर्न भनि आवेदन दिएकोले गाउँकार्यपालिकाबाट स्वीकृत कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम कार्यविधि, २०७९ को अधिनमा रही कार्यक्रम संचालनको लागि उक्त कृषक समुहलाई छनौट गर्ने।

६. सानो भञ्याङ देखि मनकौरी सम्म मोटर बाटो आयोजना र लोसे वाघखोर स्याङ्गदी सडक आयोजनाको लागत स्टीमेट REVISE गरी नापजाँच गरी भुक्तानी दिने ।

७. यस गाउँपालिकाको "बालिका विकास सम्बन्धि कार्यविधि २०७५" मा देहाय बमोजिम संसोधन गर्ने ।

गाउँपालिका अध्यक्ष

कार्यपालिकाको कार्यालय
गाउँपालिका
इच्छाकामना गाउँपालिका
खैरनिटार, चितवन
बागमती प्रदेश, नेपाल

(१) कार्यविधिको विभिन्न स्थानमा रहेका "बर्थथिङ्ग सेन्टरमा जन्मने बालिका" को सट्टा "बर्थथिङ्ग सेन्टरमा जन्मने वा यस गाउँपालिका भित्रका स्वास्थ्य संस्थाबाट रिफर गरी अन्य स्वास्थ्य संस्थामा जन्मने बालिका" भन्ने वाक्याशं कायम गर्ने ।

(२) सोहि कार्यविधिको दफा ३ को उपदफा (ग) पश्चात देहाय बमोजिम उपदफा (घ) थप गर्ने ।

(घ) बालिका विकास सम्बन्धि सहयोग प्राप्त गर्न ३५ दिन भित्र जन्म दर्ता गरी ४५ दिन भित्र गाउँकार्यपालिकाको कार्यालयमा रित पुर्वकको निबेदन दर्ता गरेको हुनुपर्ने।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष